# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : संख्याः प्रकाशित मितिः २०७७/०६/२५

**भाग-**

## नर्सरी स्थापना, प्रवर्द्धन तथा स्तरोन्नतीका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७

रोङ गाउँपालिका
२०७३

# नर्सरी स्थापना , प्रवर्द्धन तथा स्तरोन्नतीका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७

**पृष्ठभूमि :** नेपालको प्राकृतिक बनौट अनुसार विविध प्रकारको हावापानी भएकाले उचाइ अनुसार विविध प्रकारको फलफूल खेती हुँदै आएको छ । विविध जातका फलफूल खेती प्रति कृषकहरुको आकर्षण बढेको छ र आय आर्जनको महत्वपूर्ण विकल्प भएको छ । यसका लागि बिरुवा उत्पादन गरी बिक्री वितरण गर्न स्थानिय स्तरमा नै नर्सरी स्थापना गर्न जरुरी देखिएको छ । रोङ गाउँपालिकाक्षेत्र भित्रका कृषकहरुले नै नर्सरी स्थापना गरेमा यहाँका कृषकहरुले बिरुवा लिन टाढा जानु नपर्ने भएकाले सहजता हुने तथा नर्सरी संचालक वा बिरुवा उत्पादकलाई पनि आर्थिक उपार्जन गर्न सहयोग पुग्ने देखिन्छ । नर्सरी स्थापनाका लागि शुरुको बर्षमा अलिबढी लगानी गर्नुपर्ने हुँदा कृषकहरुलाई समस्या पर्ने देखिएकोले नर्सरी स्थापना गरी आय आर्जन गर्न प्रोत्साहनका लागि प्रस्तावनाका आधारमा अनुदान उपलब्ध गराउन आवस्यक देखिन्छ । स्थापित नर्सरीहरुको प्रवर्द्धन, स्तरोन्नती , वातानुकुलित संरचना निर्माण तथा गुणस्तरिय बिरुवा उत्पादनका लागि सहयोग गर्न आवस्यक देखिन्छ । नेपाल सरकारले आर्थिक बर्ष २०७३/०७४ देखि २०८२/०८३ सम्म फलफूल दशक मनाउने लक्ष्य लिएको हुँदा त्यसलाई सफल पार्न रोङ गाउँपालिकाले पनि आफ्नो तर्फबाट सहयोगी भूमिका निर्वाह गर्दै नर्सरी मार्फत् विभिन्न फलफूल, तरकारी तथा नगदेबालीका बिरुवा उत्पादन तथा वितरण गरी फलफूल, तरकारी तथा नगदेबाली खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि २०७७ तयार गरि लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “नर्सरी स्थापना ,प्रवर्द्धन तथा स्तरोन्नतीका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि रोङ गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ अनुदान ” भन्नाले यस कार्यविधि अनुरुप नर्सरी स्थापनाका लागि आवस्यक पूर्वाधार तयार गर्न, संचालन गर्न तथा स्तरोन्नतीका लागि रोङ गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम कृषकलाई प्रदान गरीने वस्तुगत वा नगद सहुलियत लाई सम्झनु पर्दछ ।

(ख) “ अनुदानग्राही ” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका अनुदान प्राप्त गर्ने कृषक, समूह, सहकारी, फार्मलाई सम्झनु पर्दछ ।

(ग) “ नर्सरी ” भन्नाले खुल्ला ठाउँमा वा सेड हाउसमा उन्नत प्रविधि प्रयोग गरि व्यवस्थित वातावरण र हावापानीमा उचित समयमा विभिन्न किसिमका बेर्ना हुर्काउने/ बिरुवा उत्पादन गर्ने स्थान सम्झनु पर्दछ ।

(घ) “ बिरुवा उत्पादन ” भन्नाले उष्ण, उपोष्ण, समशितोष्ण, शितोष्ण प्रदेशीय फलफूलका साथै चिया, कफी, सुपारी, मरिच, टिमुर र पिपला लगायतका बिरुवा उत्पादन सम्झनु पर्दछ ।

(ङ) “ कलमी बिरुवा ” भन्नाले कुनैपनि फलफूल बालीको रुटस्टक र सायन जोडेर तयार गरिएको ग्राफ्टिङ, बडिङ, लेयरिङ, कटिङ तथा इनार्चिङ्ग गरेको बिरुवा सम्झनु पर्दछ ।

(च) " जालीघर/स्क्रिन हाउस " भन्नाले स्वास्थ्य र गुणस्तरिय बिरुवा उत्पादन गर्न रोग सार्ने किरा छिर्न नसक्ने जालीको आवरण र यू.भि. प्लास्टिकको छानो प्रयोग गरि बनाइएको संरचनालाई सम्झनु पर्दछ ।

(छ) " सेड हाउस " भन्नाले ग्रिन नेट, एग्रो नेट ,अन्य जालीदार वस्तुहरु वा प्लाष्टिकको छानो प्रयोग गरि  बिरुवाहरु हुर्काउनका लागि बनाइएको संरचना सम्झनु पर्दछ ।

(ज) "फार्म/समूह/सहकारी " भन्नाले रोङ गाउँपालिकामा दर्ता, नविकरण तथा लेखा परिक्षण भएका कृषि फार्म, समुह तथा सहकारीलाई बुझ्नु पर्छ ।

(झ) " प्रस्ताव " भन्नाले विभिन्न किसिमका बिरुवा उत्पादनका लागि कृषक, कृषि फार्म, समुह तथा सहकारीले नर्सरी स्थापना/स्तरोन्नती वा प्रवर्द्धन गर्नका लागि पेश गरिएको कार्ययोजनालाई सम्झनु पर्दछ ।

(ञ) " कार्यपालिका " भन्नाले रोङ गाउँपालिकाको कार्यपालिका लाई बुझ्नुपर्दछ ।

(ट) " शाखा " भन्नाले रोङ गाउँपालिकाको आर्थिक विकास शाखालाई बुझ्नुपर्दछ ।

(ठ) " कृषि विकास शाखा " भन्नाले रोङ गाउँपालिकाको आर्थिक विकास शाखा अर्न्तगत रहेको कृषि विकास शाखा लाई बुझ्नु पर्दछ ।

(ठ) " वडा कार्यालय " भन्नाले रोङ गाउँपालिकाको वडा कार्यालयलाई बुझ्नु पर्दछ ।

(ड) " मुल्याङकन समिति " भन्नाले यस कार्यविधिको बुँदा नं. ७ बमोजिम गठित मूल्याङकन समिति लाई बुझ्नु पर्दछ ।

**३. उद्धेश्य** : यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् ।

(क) नर्सरी स्थापना तथा हाल सञ्चालनमा रहेका नर्सरीहरुलाई सक्रिय/क्रियाशिल बनाइ खुल्ला ठाउँको नर्सरी, स्क्रिन हाउस,सेड हाउस, ग्रिन हाउस लगायतका पूर्वाधार विकास गरि स्वास्थ्य एवं गुणस्तरिय बिरुवा उत्पादनमा सहयोग पुऱ्याउने ।

(ख) व्यवसायीक फलफूल खेती बिस्तार गर्दै आवस्यक पर्ने बिरुवा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने, उद्यमशिलता र रोजगारी बढाउने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रकृया

### ४. कार्यक्रम संचालन :

(१) यो कार्यक्रम रोङ गाउँपालिका कृषि विकास शाखा मार्फत् संचालन गरिनेछ ।

(२) यो कार्यक्रममा नर्सरी स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माण,बीउबिजन खरिद,आवश्यक सामाग्रीहरु खरिद तथा नर्सरी स्तरोन्नतीका कार्यहरु समेटिनेछन् ।

### ५. प्रस्तावकको योग्यता :

(क) कार्यक्रम संचालन हुने स्थानमा सिँचाइ सुविधा, यातायात सुविधा पुगेको हुनुपर्नेछ ।

(ख) भौगोलिक तथा हावापानीको हिसाबले उपयुक्त हुनुपर्नेछ ।

(ग) नर्सरी स्थापना/संचालन हुने जग्गाको क्षेत्रफल न्यूनतम २ (दुई) रोपनी हुनुपर्नेछ ।

(घ) करारमा लिएको जग्गाको हकमा न्यूनतम ५ बर्षको करार सम्झौता भएको हुनुपर्नेछ ।

(ङ) गुणस्तरिय बिरुवा उत्पादनका लागि प्रचलित कानून अनुसार नर्सरी दर्ता भएको हुनुपर्नेछ ।

### ६. प्रस्ताव माग गर्ने :

(क) यो कार्यकम संचालन गर्नका लागी रोङ गाउँपालिकाको कृषि विकास शाखाले स्वीकृत बार्षिक कार्यकम तथा कार्यपालिकाको निर्णय अनुसार सार्बजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी अनुसुची १ बमोजिम आवेदन/प्रस्ताव आह्वान सम्बन्धि कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रकाशन/प्रसारण गर्नु पर्नेछ ।

(ख) सूचनामा उल्लेख भए बमोजिम कार्यक्रम संचालनका लागि अनुदान प्राप्त गर्न चाहने इच्छुक कृषक/कृषक समूह/फार्म/सहकारी संस्थाहरु वा प्रस्तावकले तोकिएको मिति तथा निर्धारित समय भित्र रोङ गाउँपालिकामा आफूलाई आवश्यक पर्ने अनुदानको विवरण सहित अनुसुची २ बमोजिमको आवेदन फारम, अनुसुची ४ को ढाँचामा प्रस्ताव तथा अनुसुची ५ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

## ७. प्रस्ताव मूल्याङकन तथा छनौट समिति :

(१) यस कार्यविधि बमोजिम नर्सरी स्थापना ,प्रवर्द्धन तथा स्तरोन्नतीका लागि प्रस्तावनामा आधारित अनुदान हस्तान्तरणका लागी प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङकन तथा छनौट समिति रहनेछ ।

**देहाय :**

(क) गा.पा. उपाध्यक्ष रोङ गा.पा. – संयोजक
(ख) आर्थिक विकास विषयगत समितिका संयोजक – सदस्य
(ग) सम्बन्धित वडाको वडाध्यक्ष – सदस्य
(ग) कार्यपालिका सदस्यहरु मध्येबाट १ जना – सदस्य
(ङ) कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

(२) मूल्याङकन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
(३) मूल्याङकन समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## ८. प्रस्ताव छनौट तथा मूल्याङकन प्रक्रिया :

(क) प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिले आवश्यकता अनुसार अनुसुची ३ मा तोकिएको मूल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि मूल्याङ्कन आधारहरुको थप व्याख्या गर्न सक्नेछ ।
(ख) प्राप्त प्रस्तावहरुको स्थलगत निरिक्षण हुनेछ ।
(ग) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त ठहरिएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मूल्याङकन प्रकृया अगाडी बढाइनेछ ।
(घ) मूल्याङ्कन तथा छनौट समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमश बढी अंक प्राप्त गर्ने प्रस्तावहरुलाई छनौटको लागि स्वीकृत गर्नुपर्नेछ ।
(ङ) अनुगमन स्थलमा अनुगमन पुस्तीका अनिवार्य राख्नुपर्नेछ ।

## ९. संचालन हुने मुख्य मुख्य कृयाकलाप/ सहजिकरण तथा हस्तान्तरण प्रक्रिया :

१. यस कार्यक्रम अन्तर्गत नर्सरी स्थापनाका लागि आवस्यक पूर्वाधारहरु निर्माण तथा आवस्यक सामाग्रीहरु खरिद जस्ता कार्यहरु समावेश हुनेछन् । यस कार्यका लागि सम्बन्धित प्राविधिकले पूर्वाधारको डिजाइन तथा लागत अनुमान गर्नुपर्नेछ ।
२. नेपाल सरकारको प्रचलित ऐन नियम तथा स्थानीय दररेटका आधारमा कार्यक्रम संचालनार्थ गाउँपालिकाको तर्फबाट प्रत्येक आर्थिक बर्षमा बिवियोजित बजेटको परिधि भित्र रहि प्राप्त आवेदन/प्रस्ताव अनुसार उक्त कार्यक्रमबाट प्राप्त हुने उपलब्धी र प्रभावका आधारमा अनुसुची ६ बमोजिम सम्झौता गरी स्वीकृत लागत स्टिमेटको बढिमा ७५% (पचहत्तर प्रतिशत) सम्म अनुदान उपलब्ध गराइनेछ । उपलब्ध अनुदानको २५% रकम कृषक/समूह/सहकारी/फार्म आफैँले व्यहोर्नु पर्नेछ ।
३. अनुदानग्राहीले प्राप्त अनुदानको लागत सहभागिता खुलेको होडिङ्गबोर्ड सबैले देख्ने गरी कार्यक्रम अवधिभर कार्यक्रम स्थलमा राख्नुपर्नेछ ।
४. अनुदानग्राहीलाई कामको प्रकृति अनुसार बढिमा २ (दुइ) किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक खाता मार्फत् उपलब्ध गराइनेछ ।

५.प्रथम किस्ता भुक्तानीका लागि अनुदानग्राहीले न्यूनतम ५०% (पचास प्रतिशत )सम्मको प्रस्तावमा पेश गरे अनुसारको काम सम्पन्न गरेको हुनुपर्नेछ ।
६. रकम भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङकन तथा स्थलगत अनुगमनको सिफारीसका आधारमा गरिनेछ ।
७. कार्यक्रम सम्पन्न भइसकेपछि सो को संचालन एवं निरन्तरता साथै व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

**१०. नर्सरी स्थापना, प्रवर्द्धन तथा स्तरोन्नती कार्यक्रम अन्तर्गत हस्तान्तरण गरीने सामाग्रीहरु :**

| क्र.सं. | सामाग्रीको नाम | गा.पा.बाट दिइने अनुदान रकम (अधिकतम) | कृषकको लागत सहभागिता रकम (न्यूनतम) |
|---|---|---|---|
| १. | प्लाष्टिक टर्नेल/यू.भि.प्लाष्टिक | ७५% | २५% |
| २. | एग्रो नेट | ७५% | २५% |
| ३. | ग्रिन नेट | ७५% | २५% |
| ४. | सिँचाइ पाइप | ७५% | २५% |
| ५. | बीउबिजन | ७५% | २५% |
| ६. | हजारी | ७५% | २५% |
| ७. | स्प्रेयर | ७५% | २५% |
| ८. | सिकेचर | ७५% | २५% |
| ९. | विरुवा वर्धक रसायनहरु | ७५% | २५% |
| १०. | प्लाष्टिक पोलिब्याग | ७५% | २५% |
| ११. | जैविक/प्राङ्गारिक मल | ७५% | २५% |
| १२. | जैविक/प्राङ्गारिक बिषादि | ७५% | २५% |
| १३. | प्लाष्टिक ट्रे | ७५% | २५% |
| १४. | अन्य आवश्यक सामाग्रीहरु | ७५% | २५% |

**नोट :** प्रस्तावकले माथी उल्लेखित तालिकामा समावेश कृयाकलापहरु मध्ये आफूलाई आवश्यक पर्ने कृयाकलापहरु मात्र समावेश गर्न सक्नेछ ।

## परिच्छेद - ३
## अनुगमन, निरिक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. अनुगमन, निरिक्षण तथा मूल्याङ्कन :**

(क) यस कार्यविधि अनुसार उपलब्ध गराइने नर्सरी स्थापना, प्रवर्द्धन तथा स्तरोन्नती कार्यक्रमको अनुदानमा प्राप्त सामाग्री वा अनुदान रकमको सदुपयोग भए नभएको बारेमा रोङ गाउँपालिकाको कार्यालयले समयसमयमा अनुगमन तथा निरिक्षण गर्नुपर्नेछ ।
(ख) कार्यालयले आवश्यक देखेमा जुनसुकै समयमा अनुगमन तथा निरिक्षण गर्न गराउन सक्नेछ ।

## परिच्छेद ४
## विविध व्यवस्था

**१२.प्रचलित कानून लागू हुने :**
(क) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएका बिषयका हकमा सोहि बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका बिषयमा प्रचलित कानून बमोजिम हुनेछ ।
(ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार :**
यस कार्यविधिमा उल्लेखित प्रावधानमा कुनै द्विविधा उत्पन्न भएमा वा कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१६. कार्यविधिमा संशोधन/खारेजी :**
रोङ गाउँपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार समयानुकुल संशोधन तथा खारेजी गर्न सक्नेछ ।

**अनुसुची -१**
**(कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (क) सँग सम्बन्धित )**

# नर्सरी स्थापना , प्रवर्द्धन तथा स्तरोन्नतीका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आह्वानको सूचना

आर्थिक बर्ष ..............को रोङ गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार नर्सरी स्थापना, प्रवर्द्धन तथा स्तरोन्नती कार्यक्रम संचालनका लागी प्रस्तावनामा आधारित अनुदान कार्यक्रम रहेको हुँदा रोङ गा.पा. क्षेत्र भित्र स्थायी बसोबास गर्ने इच्छुक कृषक/समूह/फार्म/सहकारीबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र रोङ गा.पा.कृषि विकास शाखामा तोकिएको ढाँचामा अनुसूची २ बमोजिम तपशिलका कागजातहरु सहित आवेदन /प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल :
१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. समूह,सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि ।
३. दर्ता, नवीकरण, स्थायी लेखा नं, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. नर्सरी भएको/नर्सरी बनाउने जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि ।
६. अनुसूची ४ बमोजिम सम्बन्धित प्राविधिकले तयार गरेको पूर्वाधारको डिजाइन, जिल्ला दररेट/स्थानिय दररेट अनुसारको लागत अनुमान तथा कार्यक्रमको लागत सहभागिता खुलेको प्रस्ताव ।
७. कार्यालयको ढाँचा अनुसारको निवेदन तथा प्रतिबद्धता पत्र ।
८. सम्बन्धित वडाको सिफारिस ।
९. तालिम वा अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
१०.आवश्यक अन्य कागजातहरु ।

**अनुसुची -२**
**(कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (ख) सँग सम्बन्धित )**

आवेदन फारम

मिति :.............

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
रोङ गाउँपालिको कार्यालय
पहरीगाउँ, इलाम ।

**विषय : नर्सरी स्थापना, पवर्द्धन तथा स्तरोन्नती कार्यक्रम उपलब्ध गराइ दिनु हुन ।**

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी...................अनुदानमा नर्सरी स्थापना /स्तरोन्नती/सुदृढीकरण/प्रवर्द्धन गर्न इच्छुक रहेकोले ..................रकमको लागत अनुमान तयार गरी तपशिल बमोजिम कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**संलग्न कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. समूह,सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि ।
३. दर्ता, नवीकरण, स्थायी लेखा नं, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. नर्सरी भएको/नर्सरी बनाउने जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
५. जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि ।
६. सम्बन्धित प्राविधिकले तयार गरेको पूर्वाधारको डिजाइन, जिल्ला दररेट/स्थानिय दररेट अनुसारको लागत अनुमान तथा कार्यक्रमको लागत सहभागिता खुलेको प्रस्ताव ।
७. कार्यालयको ढाँचा अनुसारको निवेदन तथा प्रतिबद्धता पत्र ।
८. सम्बन्धित वडाको सिफारिस ।
९. तालिम वा अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि ।
१०.आवश्यक अन्य कागजातहरु

**निवेदक :**

नामथर :............................
पद : ...............................
हस्ताक्षर : .........................
सम्पर्क : ...........................
संस्थाको नाम : ..................
ठेगाना :...........................
संस्थाको छाप : ..................

## अनुसुची - ३

### (कार्यविधिको परिच्छेद २, बुँदा नं. ८ (क) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरु/मापदण्ड**

| क्र.सं. | बिषय | मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | भौगोलिक अवस्था/हावापानीको उपयुक्तता/उत्पादन योजना र सम्भाव्यताको अवस्था (बिरुवाको जात अनुसार उचाइ,मोहोडा) | गा.पा.को तल्लो भूभाग देखि ८०० मिटर सम्म | १५ | |
| | | ८०० मिटर देखि १५०० मिटर सम्म | | |
| २ | जग्गाको क्षेत्रफल | २ रोपनी वा सो भन्दा बढी | १५ | |
| | | २ रोपनी भन्दा कम | | |
| ३ | जमिनको बनौट | पारिलो तथा मिलेको | १० | |
| | | ओसिलो तथा बढी भिरालो | | |
| ४ | माटोको बनौट | दोमट/बलौटे/पाँगो | १० | |
| | | सेतो/रातो चिम्टे | | |
| ५ | नर्सरीको लागि पूर्वाधार संरचना सम्बन्धि अवस्था | संरचना नभएको | १० | |
| | | संरचना भएको | | |
| ६. | नर्सरीमा गुणस्तरिय बिरुवा उत्पादनका लागि आवश्यक माउबोट,रुटस्टक र सायनको स्थिती । | नभएको | १० | |
| | | भएको | | |
| ७ | सिँचाइ सुविधा | सधैँ सिँचाइ/निकासको सुविधा भएको | १५ | |
| | | बर्षायाममा मात्र सिँचाइको सुविधा भएको | | |
| ८ | यातायात सुविधा | यातायातको साधन पुग्न सक्ने | ५ | |
| | | यातायातको साधन पुग्न नसक्ने | | |
| ९ | जनशक्ति व्यवस्थापन/जनशक्तिको अवस्था | तालिम,अनुभव ,ज्ञान, सिप भएको | ५ | |
| | | तालिम, अनुभव,ज्ञान, सिपको कमी भएको | | |
| १० | नर्सरी स्थापना/सुदृढीकरणका लागि अन्य आधारहरु । | | ५ | |
| | जम्मा अंक | | १०० | |

**नोट : न्यूनतम ३० अंक भन्दा कम अंक दिन पाइने छैन ।**

## अनुसुची - ४

(कार्यविधिको परिच्छेद २ को बुँदा नं. ९ (१) सँग सम्बन्धित)

१. आवेदकको नाम : ..........................
२. ठेगाना : ...............................
३. कार्यक्रम संचालन हुने स्थान : .................................
४. कार्यक्रम संचालन हुने क्षेत्रफल : .................................
५. भौतिक सुविधा र हावापानीको अवस्था :
(क) बाटो................ (ख) बजार.........................
(ग) बिजुली..................... (घ) सिँचाइ........................
(ङ) सम्बन्धित स्थानको हावापानी,उचाइ र भूगोलको अवस्था..................................
(च) अन्य केहि भए उल्लेख गर्ने ................................
६. हाल नर्सरीमा भएको पूर्वाधार संरचना सम्बन्धि अवस्था :

........................................................................

७. हाल नर्सरीमा प्रतिबर्ष उत्पादन गरिरहेको बिरुवाको विवरण

| क.स | बिरुवाको नाम/किसिम | जात | बिरुवाको उमेर र साइज | कलमी बिरुवाको संख्या | बिजु बिरुवाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

८. अनुदान प्राप्त गरेपछि नर्सरीमा उत्पादन गर्ने बिरुवाको विवरण

| क.स | बिरुवाको नाम/किसिम | जात | बिरुवाको उमेर र आकार | कलमी बिरुवाको संख्या | बिजु बिरुवाको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

९. प्रस्तावित क्रियाकलापहरु तथा लागत अनुमान

| क.स | विवरण | इकाइ | परिमाण | अनुमानित लागत रु. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आफैँले व्यहोर्ने | अनुदान माग | कूल जम्मा | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| | जम्मा | | | | | | |

**१०. संलग्न हुने जनशक्तिको विरण (दक्ष र अदक्ष जनशक्ति खुल्ने गरी)**

| क्र.स | विवरण | श्रमदिन प्रतिबर्ष | योग्यता | बार्षिक खर्च हुने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूर्वाधार संचालन | | | | |
| २ | प्रविधिक रेखदेख | | | | |
| ३ | सुरक्षा | | | | |
| ४ | अन्य | | | | |

**११.नर्सरी व्यवस्थापन तथा संचालनका लागि उत्पादन सामाग्रीको व्यवस्थापन योजना**

-
-
-

**१२. उत्पादित बिरुवाको बजारिकरण/बिक्री वितरण योजना**

-
-
-

**१३. अन्य सान्दर्भिक विवरण /जानकारीहरु**

-
-

**अनुसुची -५**
**(कार्यविधिको परिच्छेद २.को बुँदा नं. ६ (क) सँग सम्बन्धित )**

## प्रतिबद्धता पत्र

रोङ गाउँपालिकाको मिति २०७..../.../....को सूचना अनुसार नर्सरी स्थापना, प्रवर्द्धन तथा स्तरोन्नती कार्यक्रममा सहभागिताका लागी कार्ययोजना सहितको आवेदन पेश गरेको छु /छौँ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा पाँच बर्ष निरन्तरता दिइ मापदण्ड बमोजिम गुणस्तरिय बिरुवा मात्र बिक्रि बितरण गर्नेछु/छौँ ।कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौँ । अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु /छौँ ।
इति संवत् २०७....../.../...

| दायाँ | बायाँ |
|---|---|
| | |

नामथर :............................
पद : ...............................
हस्ताक्षर : .........................
संस्थाको नाम : ..................
ठेगाना :...........................
संस्थाको छाप : ..................

अनुसुची-६

(कार्यविधिको परिच्छेद २, बुँदा नं. ९ (२) सँग सम्बन्धित)

# नर्सरी स्थापना, पवर्द्धन तथा स्तरोन्नती कार्यक्रम हस्तान्तरणको सम्झौता

लिखितम जिल्ला इलाम रोङ गाउँपालिका ...... नं.वडा ................. टोल बस्ने म/हामी/हाम्रो श्री ................................. ले विगत ...................... आगाडी दर्ता गरेको दर्ता नं. ........ दर्ता मिति .......................... मा कृषि फार्म/समूह/सहकारी संस्था लि.रोङ गाउँपालिका कृषि विकास शाखा कार्यालयमा दर्ता गरी यस कार्यालयको सूचना अनुसार म/हामी/हाम्रो समूह/सहकारी/फार्मलाई आवश्यक पर्ने नर्सरी स्थापना/स्तरोन्नती कार्यक्रम माग गरेको छु/छौं ।मैले यसको कार्यविधि राम्ररी बुझेको छु/छौँ । मैले /हामिले प्राप्त गर्ने सामाग्री वा नगद सहयोग आफ्नो कृषि व्यवसायमा प्रयोग गर्नेछु/छौँ । मेरो/हाम्रो नाममा रहेको यो नर्सरी अनुदान पाए पश्चात् ५ बर्ष सम्म कसैलाई पनि बिक्री वितरण वा हस्तान्तरण गर्ने छैन । यो सम्झौता विपरित कार्य गरेमा कार्यालयको नियम अनुसार प्राप्त अनुदान वापत्को रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छु भनीयस सम्झौतामा सहीछाप गरिदिएँ ।

**गाउँपालिकाको तर्फ** **रोहवर** **कृषकको तर्फ**